लुम्बिनी प्रदेश सरकार

# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

## 'निर्मित शीत भण्डारको सञ्चालन सम्बन्धमा प्राविधिक परामर्श' का लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८१/१२/१९ गते

यस मन्त्रालयको साझेदारीमा निर्माण भएका १७ वटा शीत भण्डारहरुको सञ्चालन सम्बन्धमा चिस्यान यन्त्र उपकरण र कृषि उपज भण्डारण सम्बन्धी प्राविधिक परामर्श आवश्यक भएकोले स्वीकृत कार्यक्षेत्रगत शर्त बमोजिमका शर्तहरु पालना गरी कार्य गर्न इच्छुक योग्य परामर्शदाता फर्मबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस मन्त्रालयमा शिलबन्दी आर्थिक प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ।

**प्रस्तावकले देहाय बमोजिमका कागजातहरू पेश गर्नु पर्नेछ:**

- परामर्शदाता फर्मको दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि
- फर्मको आ.व. २०८०/०८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि
- फर्म तथा कार्यमा संलग्न हुने विज्ञहरुको Curriculum vitae को प्रमाणित प्रतिलिपि
- HVAC engineer को हकमा मेकानिकल इन्जिनियरिङ्गमा कम्तिमा स्नातक गरेको र सम्बन्धित विषयमा ५ वर्षको अनुभव भएको विवरणको प्रमाणित प्रतिलिपि र Electrical Engineer को हकमा इलेक्ट्रिकल इन्जिनियरिङ्गमा कम्तिमा स्नातक गरेको र सम्बन्धित विषयमा ५ वर्षको अनुभव भएको विवरणको प्रमाणित प्रतिलिपि र कृषि विज्ञको हकमा कम्तिमा बि.एस्सी.ए. जी. उत्तीर्ण गरी उत्पादन उपरान्त क्षति न्यूनिकरण अन्तर्गत शीत भण्डारणको क्षेत्रमा ३ वर्ष अनुभव भएको
- तोकिएको ढाँचामा आर्थिक प्रस्ताव (शिलबन्दी)

आर्थिक प्रस्तावको ढाँचा र स्वीकृत कार्यक्षेत्रगत शर्त मन्त्रालयको वेवसाइट molmac.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ।